# ➔राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

लालमोहर र प्रकाशन मिति
२०५२।१०।१७

संशोधन गर्ने ऐन

१. भ्रष्टाचार निवारण ऐन, २०५९ २०५९।३।५

२. आर्थिक ऐन, २०६७

## २०५२ सालको ऐन नं. ८

## राजस्व चहुावट नियन्त्रण तथा रोकथाम गर्ने व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास द्रुततर गतिले गर्नको निमित्त अधिक से अधिक राजस्व परिचालन गर्न भन्सार, अन्तशुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व संकलनमा बृद्धि गर्न बाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौविसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम " राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२" रहेको छ ।

(२) यो ऐनको नेपालभर लागू हुनेछ र नेपाल बाहिर जहाँसुकै बसेको भएपनि सबै नेपाली नागरिकलाई र नेपालमा राजस्व चुहावट गरी विदेशमा बस्ने गैर नेपाली नागरिक वा संस्थालाई समेत लागू हुनेछ ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।*

➔ यो ऐन सामान्यतया प्रत्येक वर्षको आर्थिक ऐनबाट संशोधन हुने गरेको छ । आर्थिक ऐन, २०६८ बमोजिम यो ऐनलाई परिमार्जन गरिएको छ । यसमा कुनै त्रुटि देख्नु भएमा राजस्व अनुसन्धान विभागमा सूचना गरिदिनु हुन अनुरोध छ ।

* यो ऐन मिति २०५३ बैशाख १ गते देखि प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र मिति २०५२।१२।१६) ।

२.	**परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

♣(क) "राजस्व" भन्नाले प्रचलित कानूनबमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने भन्सार महसुल, अन्तःशुल्क, आयकर, मूल्य अभिबृद्धि कर सवारी साधन कर। घरजग्गा बहाल कर, सम्पत्ति कर घर जग्गा रजिष्ट्रेशन दस्तुर सम्झनु पर्छ र सो शब्दले प्रचलित कानूनबमोजिम लाग्ने अन्य कर तथा गैर कर राजस्वलाई समेत जनाउँछ ।

+(क१) "गैरकर" भन्नाले सबै प्रकारको प्रशासनिक दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, साँवा व्याज लगायत नेपाल सरकारले प्रचलित कानूनबमोजिम लगाएको सबै दस्तुर तथा शुल्क समेतको रकम सम्झनुपर्छ ।

(ख) "राजस्व चुहावट" भन्नाले दफा ४ मा उल्लेख भए बमोजिमको कसुर सम्झनु पर्छ ।

(ग) ✂... ... ...

(घ) " अनुसन्धान अधिकृत" भन्नाले राजस्व चुहावट ✂... ... ... को अनुसन्धान तथा तहकिकात गर्न यस ऐन बमोजिम तोकिएको कर्मचारी सम्झनु पर्छ र सो शब्दले महानिर्देशक आफैले त्यस्तो कसूरको अनुसन्धान तथा तहकिकात गरेकोमा निजलाई समेत जनाउँछ ।

(ङ) " कर्मचारी" भन्नाले प्रचलित कानूनबमोजिम गठित नेपाल प्रशासन सेवा अन्तर्गतको राजस्व समूहमा कार्यरत कर्मचारी सम्झनु पर्छ र सो शब्दले सो समूहमा काजमा रही कार्यर रहेका अन्य कुनै निजामती तथा प्रहरी सेवा वा समूहको कर्मचारीलाई समेत जनाउँछ ।

+(ङ१) " मन्त्रालय" भन्नाले अर्थ मन्त्रालय सम्झुन पर्छ ।

(च) " विभाग" भन्नाले राजस्व अनुसन्धान विभाग सम्झनुपर्छ ।

(छ) " महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

---

♣ आर्थिक ऐन, २०६६ द्वारा संशोधित ।

+ आर्थिक ऐन, २०६६ द्वारा थप ।

✂ भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा झिकिएको ।

[+](छ१) " विगो" भन्नाले आयकर, मूल्य अभिबृद्धी कर, अन्तःशुल्क, घर बहाल कर र प्रचलित कानूनबमोजिम लाग्ने अन्य कर, शुल्क तथा व्याज समेतको रकम सम्झनु पर्छ र सो शब्दले भन्सार चोरी पैठारी भएको वा हुन लागेको मालबस्तुको थोक वजार वा मालबस्तु फेला नपरी कागज मात्र फेला परेकोमा त्यस्तो मालबस्तु आयात गर्दा भन्सार विन्दुमा भन्सार प्रयोजनको लागि कायम हुने मूल्य र सो मा लाग्ने भन्सार महसुललाई समेत जनाउँछ ।

(ज) " तोकिएको" वा " तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## राजस्व चुहावट नियन्त्रण सम्बन्धी व्यवस्था

३. राजस्व चुहवाट गर्न नहुने : कुनै पनि व्यक्तिले राजस्व चुहावट गर्न, गराउन वा गर्ने उद्योग गर्न वा त्यस्तो कार्य गर्न कुनै पनि कर्मचारीलाई कुनै पनि प्रकारले मद्दत गर्ने वा त्यस्तो कार्यमा मतियार हुनु हुदैंन ।

४. राजस्व चुहावट गरेको मानिने : कुनै पनि व्यक्तिले देहायको कुनै कार्य गरेमा राजस्व चुहावटको कसुर गरेको मनिनेछ :

(क) नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने राजस्व नर्ति वा कम तिर्ने नियतले कुनै काम गरेमा ।

(ख) कम राजस्व तिर्ने वा राजस्व नतिर्ने उद्देश्यले गलत लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानूबमोजिम तिुर्न वा बुझाउुन पर्ने राजस्व भन्दा घटि राजस्व तिरेमा वा बुझाएमा ।

(ग) कुनै पनि मालबस्तुको निकासी पौठारी गर्दा सम्वन्धित भन्सार कार्यालयमा प्रचलित कानूनबमोजिम तिर्नु वा बुभ्रुउनु पर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा वा छल्ने प्रयत गरेमा ।

(घ) कुनै व्यक्तिले अन्य कुनै व्यक्तिको नामबाट कुनै उद्योग, व्यापार वा व्यवसाय गरी कुनै वस्तु निकासी वा पैठारी गरेमा वा कुनै विदेशी कम्पनी वा संस्थाको एजेन्ट भएमा सो

---
[+] आर्थिक ऐन, २०६६ द्वारा थप

कुरा देखाई प्रचलित कानून बमोजिम तिर्नु वा बुझफउनु पर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा ।

(ङ) राजस्व तिर्नु, बुझाउनु वा दाखिल गर्नु पर्ने कार्याल वा सो कार्यालयको कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेमा वा त्यस्तो कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारी आफूले तिर्नु बुझाउनु पर्ने राजस्व नतिरेमा वा जति तिर्नु पर्ने हो सो भन्दा कम रकम तिरेमा वा त्यस्तो कुनै कार्य गर्ने गराउने प्रयतन गरेमा ।

♣(च) राजस्व बुझाउनु पर्ने कार्यालयको कर्मचारीसंग मिलोमतो गरी वा नगरी नेपाल सरकारलाई प्रचलित कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व रकममा हेरफेर वा परिवतर्न गरेमा वा राजस्व बुझाएको देखिने गलत लिखत तथा कागजात पेश गरेमा वा प्राप्त भएमा ।

+(छ) राजस्व बुझाउने प्रयोजनको लागि घोषणा गरिनु पर्ने कुनै आय, घर जग्गा वा अन्य सम्पत्ति वा सामानको मूल्य घटी वा बढी हुनेगरी अभिलेखांकन गरी हिसाव तयार गरेमा ।

५. ✂..........

६. विभागको अधिकार क्षेत्र : (१) कुनै व्यक्तिबाट भएको राजस्व चहाुट सम्बन्धी कसुरको अनुसन्धान तथा तहकिकात र तत्सम्बन्धी अन्य कारवाही विभागले गर्नेछ ।

+(१क.) दर्ता गरी वा नगरी वा इजाजत लिई वा नलिई गरिने सवै किसिमका आर्थिक कारोवारमा भएको राजस्व चुहावट सम्बन्धी अनुसन्धान, तहकिकात र तत्सम्बन्धी अन्य कारवाही विभागले गर्नेछ ।

✂ (२)..... ..... ......

७. राजस्व चुहावट ✂.... को सूचना : कसैले राजस्व चुहावट ✂... ... .... गरेको छ वा गर्न लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी विवरण वा सवूद प्रमाण्मा खुलाई सो कुराको

---

♣ आर्थिक ऐन, २०६६ द्वारा संशोधित ।

+ आर्थिक ऐन, २०६६ द्वारा थप ।

✂ भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा झिकिएको ।

सूचना लिखित वा मौखिक रुपमा विभाग समक्ष दिन सक्नेछ । त्यस्तो सूचना कुनै व्यक्तिले आफ्नो नाम नखुलाई वा आफ्नो नाम गोप्य राख्ने शर्तमा दिन सक्नेछ ।

[+]७क. आकस्मिक जाँच परीक्षण गर्न सक्ने : (१) दफा ४ बमोजिम राजस्व चुहावट गरको मानिने कुनै कार्य भएको छ भन्ने विश्वास लाग्ने मनासिव माफिकको कारण भएका वा दफा ७ बमोजिम राजस्व चुहावटको सूचना प्राप्त भएमा महानिर्देशक वा निजले खटाएको कुनै कर्मचारीले आकस्मिक रुपमा जुनसुकै व्यक्ति वा यात्रु एवं मालसामान ओसार पसार गर्न यातायातका साधनलाई रोकी आवश्यक कागजात माग गर्न, तलासि लिन वा कुनै भवन, गोदाम, पसल, कारोवास्थल वा कागजाता नियन्त्रणमा लिन सक्नेनछ ।

(२) उपदफा (१) बमोजिम कुनै स्थानमा खानतलासी लिँदा वा आकस्मिक जाँच गुर्न पर्दा सम्बन्धित व्यक्तिलाई खानतलासी लिनु वा जाँच गर्नु परेको कारण खुलेको लिलित जनाउ दिनु पर्नेछ ।

## परिच्छेद –३

## अनुसन्धान तथा तहकिकात

८. विभागले अनसन्धान तथा तहकिकात गर्नु पर्ने : राजस्व चुहावट [✂]…. …. …. को सम्बन्धमा दफा ७ बमोजिम विभाग समक्ष प्राप्त हुन आएको सूचना वा अन्य कुनै श्रोतबाट प्राप्त भएको जानकारीको आधारमा विभागले तीस दिन भित्र यस ऐन बमोजिम अनुसन्धान तथा तहकिकात गरी कारबाही चलाउनु पर्नेछ ।

तर अनुसन्धान तथा तहकिकातको काम सम्पन्न नभएमा महानिर्देशकले आवश्यकता अनुसार एकै पटक वा पटक पटक गरी बढीमा अर्को तीस दिन सम्म अनुसन्धान तथा तहकिकातको लागि म्याद थप गर्न सक्नेछ ।

९. अनुसन्धान तथा तहकिकात सम्बन्धी विभगाको अधिकार : (१) यस ऐन बमोजिम विभागले राजस्व चुहावट [✂] … … … को सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) सम्बन्धित कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध कागजात वा प्रमाणको लिखत वा अन्य कुनै कुरा विभागमा पठाउन वा निश्चित सयम भित्र विभाग समक्ष पेश गर्न आदेश दिने, वा

---

[+] आर्थिक ऐन, २०६६ द्वारा थप

[✂] भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा झिकिएको ।

(ख) राजस्व चुहावट ✂.... ... ... को कसूरको आरोप लागेका व्यक्ति वा सम्बद्ध तथ्इहरुको जानकारी भएको भन्ने विभागले सम्झेको व्यक्तिलाई उपस्थित गराई सोधपुछ गर्ने र निजको वयान लिने ।

(२) राजस्व चुहावट ✂.... ... ... को कसूरको आरोप लागेका व्यक्रिसित विभागले वयान लिई सकेपछि त्यस्तो व्यत्तिलाई आश्यकतानुसार थुनामा राख्न वा खोजेका वखत हाजिर हुने कागज गराई छाड्न वा तारिखमा राख्न सक्नेछ ।

(३) भ्रष्टाचारको कसूरको ओरोपमा कारबाही चलाइएको कर्मचारी पदमा रही रहँदा आफ्नो विरुद्धको प्रमाण लाप वा नष्ट गर्न सक्ने वा अनुसन्धान तथा तहकिकातमा बाधा व्यवधान पुऱ्याउन सक्ने मनासिव कारण भएमा त्यस्तो कर्मचारलाई पदबाट निलम्बन गर्न विभागले अर्थ मन्त्रालयलाई लेखी पठाउनु पर्नेछ । यसरी लेखी आएमा अर्थ मन्त्रालयले तत्काल निलम्बन गर्ने कारबाही गर्नु पर्नेछ ।

(४) राजस्व चुहावट ✂... .... .... को कसुरको आरोपमा करबाही चलाईएको व्यक्ति वा कर्मचारी फरार भै वेपत्ता हुन सक्तछ भनी सम्झनु पर्ने कुनै मनासिव कारण भएका वा विभगो हानी नोकसानी भएको देखिएमा विभागले निजसंग विगो र निजलाई हुन सम्ने जरिवानाको रकम बराबर धरौटी वा जमानत मागी तारेखा छोड्न सक्नेछ र त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्नेछ ।

(५) विभागले समय तोकी कुनै लिखत वा अन्य कुनै बस्तु पेश गर्न वा कुनै कुराको जानकारी दिनु सम्बन्धित कार्यालय वा सम्बन्धित कर्मचारीलाई लेखि पठाएको वा कुनै व्यक्तिलाई विभाग समक्ष उपस्थित हुन आदेश दिएकोमा,-

(क) सो बमोजिम तोकिएको समय भित्र सो कार्यालयले त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा विभागले सम्बन्धित कार्यालय प्रमुख उपर विभागीय कारबाही चलाउन अर्थ मन्त्रालयमा लेखी पठाउन पर्नेछ र यसरी लेखी आएमा अर्थ मन्त्रालयले तत्काल कारबाही चलाउनु पर्नेछ ।

(ख) सो बमोजिम तोकिएको समयभित्र त्यस्तो कर्मचारीले लिखत वा बस्तु पेश नगरेमा वा जानकारी नदिएमा वा त्यस्तो व्यक्ति विभागमा उपस्थित नभएमा निजलाई विभागले एक हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ ।

---

✂ भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा झिकिएको ।

(६) उपदफा (५) बमोजिम विभागीय कारबाही वा जरिवान भए पछि पनि कुनै कार्यालय, कर्मचारी वा व्यक्तिले विभागको आदेशको पालना नगरेमा सो कार्यालयको प्रमाुख, कर्मचारी वा त्यस्तो व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन सविभागले तोकिए बमोजिम पक्राउ पूर्जी जारी गरी निजबाट त्यस्तो लिखत वा बस्तु पेश गर्न, गराउन वा जिनबाट आवश्यक जानकारी लिन सक्नेछ । त्यसरी पक्राउ भएको कार्यालय प्रमा, कर्मचारी वा व्यक्तिले विभाग समक्ष त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा तत्सम्बन्धी जानकारी नदिएमा निजलाई विभागले बढीमा सात दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ ।

(७) आवश्यकता अनुसार प्रचलित कानून बमोजिम कुनै ठाँउको तलासी लिने वा लिन लगाउने र त्यसरी तलासि लिँदा आवश्यक देखिएको कुनै वस्तु वा कागजपत्र विभागले आफ्नो कब्जामा लिन वा त्यस्तो कागजपत्रको प्रतिलिपी उतार्न सक्नेछ । विभागले यसरी कब्जमा लिएको वस्तु वा कागजपत्रको भरपाई दिनु पर्नेछ ।

+(८) कुनै कसुर गरी यस ऐन बमोजिम अनुसन्धान तथा तहकिकातको क्रममा रहेको कुनै व्यक्ति कारबाही छल्ने उद्देश्यले नेपाल छोडी बाहिर जाँदैछ भन्ने विश्वास हुने पर्याप्त कारण भएमा विभागले निजलाई विदेश जानबाट रोक लगाउन सक्नेछ र यस्तो व्यक्तिको राहदानी कब्जामा लिन, रोक्का गर्न सम्बन्धीत निकायलार्य लेखी पठाउन सक्नेछ । यसरी लेखी आएको विषयमा सहयोग गर्नु सम्बद्ध निकायको कर्तव्य हुनेछ ।

+(९) यस ऐन बमोजिमको कसुर गरेको व्यक्तिको सम्बन्धित कार्यालय, संघ-संस्था वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध कागजात वा प्रमाणको लिखत वा कुनै बैंक, वित्तीय तथा सहकारी संस्थामा भएको कारोवारको विवरण , धितोपत्र बजारमा भएको सबै आर्थिक कारोवारको विवरण अनुसन्धानको प्रयोजनको लागि विभागले माग गर्न सक्नेछ । यसरी माग गरेको विवरण तोकेको म्यादभित्र उपलब्ध गराउनु सम्बद्ध व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

१०. अनुसन्धान अधिकृत तोक्न सक्ने : ♣(१) यस ऐन बमोजिम राजस्व चुहावट सम्बन्धि कसुरको अनसन्धान तथा तहकिकात महानिर्देशकले आवश्यकता अनुसार आफैं गर्न वा विभाग वा मातहत कार्यालयको अधिकृतस्तरको कर्मचारीलाई अनुसन्धान अधिकृत भई काम गर्न तोक्न सक्नेछ ।

+ आर्थिक ऐन, २०६६ द्वारा थप ।

♣ आर्थिक ऐन, २०६६ द्वारा संशोधित ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकता अनुसार अन्य सरकारी निकाय वा सरकारी कर्मचारीलाई यस ऐन बमोजिम राजस्व चुहावट ✂... .... ... सम्बन्धी कसुरको सम्बन्धमा अनुसन्धान तथा तहकीकात गर्ने काम तोक्न सक्नेछ ।

+(३) यस ऐन बमोजिम कारबाही शुरु गरिएको कसुरको अनुसन्धान गर्दै जाँदा प्रचलित अन्य कानून बमोजिमको कसुर देखिएमा सोही कानून बमोजिम कारबाही अगाडी बढाउन सम्बन्धित निकाय वा अख्तियार प्राप्त अधिकारीलाई विभागले लेखि पठाउने सक्नेछ ।

११. अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार : (१) यस ऐन बमोजिम गरिने अनुसन्धान तथा तहकिकातको सम्बन्धमा अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राजस् चुहावट ✂... .... .... को कसुर अनुसन्धान अकिकृतको उपस्थितिमा भएमा कसुरदारलाई पक्राउ गरी कारबाही चलाउने ।

(ख) राजस्व चुहावट ✂... .... .... को कसुरको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्दा वा सवूद प्रमाण संकलन गर्दा कसूरमा मुछिएका व्यक्तिलाई पक्राउ गर्ने, कुनै सरकारी, अर्ध सरकारी वा गैर सरकारी कार्यालय, गोदाम वा आवश्यकता अनुसार अन्य कुनै स्थानको खानतलासी लिने, त्यस्तो गोदाम वा स्थानलाई सील गर्ने, सम्बन्धित कागजपत्र वा मालबस्तु आफ्नो कब्जामा लिने, अभियुक्तको वयान लिने, सरजमीन मुचुल्का तयार गर्ने समेत प्रचलित कानून बमोजिम प्रहरीले पाएको सबै अधिकार निजले प्रयोग गर्न सक्ने ।

(ग) अनुसन्धान तथा तहकिकात गर्दा अभियुक्तलाई तारेखमा राख्ने, धरौटी वा जमानी लिई छाड्ने र धरौटी राख्न वा जमानी दिन नसकेका थुनामा राख्ने वारे प्रचलित कानूनबमोजिम मुद्दा हेर्ने अधिकरीलाई भए सरहको अधिकार पनि अनुसन्धान अधिकृतले प्रयोग गर्न सक्ने ।

(घ) यस ऐन अन्तर्गतको काम कारबाही गर्दा आफ्नो ओहदाको हैसियतले ज्ञात हुन आएको कुनै कुरा वा दाखिल भएको कागजपत्रको गोप्यता प्रचलित कानूनले बाध्य गरेको अवश्थामा बाहेक अन्य अवश्थामा भंग नगर्ने ।

तर त्यस्तो कुरा वा कागजात अन्य मुद्दा मामिलाको निमित्त आवश्यक प्रमाण लाग्ने किसिमको छ भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा निजको

---

✂ भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा झिकिएको ।
+ आर्थिक ऐन, २०६८ द्वारा थप ।
✂ भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा झिकिएको ।

आदेशबाट कानूनद्वारा अधिकृत व्यक्तिका समक्ष त्यस्तो कुरा वा कागजपत्रको गोप्यता सम्बन्धी कुरा व्यक्त गरेमा गोप्यता भंग गरेको मानिने छैन ।

(ङ) यस ऐन बमोजिम अनुसन्धान अधिकृतले अनुसन्धान तथा तहकिकातको सिलसिलामा कुनै मालबस्तु वा कागजपत्र कब्जा गर्नु पर्दा सोको निस्सा सम्बन्धित कार्यालय वा व्यक्तिलाई दिई त्यस्तो मालबस्तु वा कागजपत्र सुरक्षित रुपमा राख्ने ।

(च) यस ऐन बमोजिम अनुसन्धान तथा तहकिकातको सिलसिलामा अनुसन्धान अधिकृतले गरेको प्रत्येक काम कारबाहीको प्रतिवेदन महानिर्देशकलाई दिनु पर्ने ।

+(छ) राजस्व चुहावटको कसुर गर्ने संस्था वा व्यक्तिको चल अचल सम्पत्ति रोक्का गर्नुपर्ने मनासिव कारण भएमा अनुसन्धान अधिकृतले त्यस्तो सम्पत्ति रोक्का गर्नेछ ।

(२) महानिर्देशक आफैले यस ऐन बमोजिमको कसूरको अनुसन्धान तथा तहकिकात गरेमा उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतलाई प्राप्त कुनै वा सबै अकिधार निजले समेत प्रयोग गर्न सक्नेछ ।

१२. पक्राउ गर्ने : (१) कुनै व्यक्तिले यस ऐनको बर्खिलाप कुनै काम गरेको छ वा गर्न लागेको छ भनी शंका गर्नु पर्ने पर्याप्त कारण र आधार भएमा अनुसन्धान अधिकृतले त्यस्तो व्यक्तिलाई जुनसुकै ठाँउमा पक्राउ गर्न वा पक्राउ गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पक्राउ परेको व्यक्तिलाई बाटोको म्याद बाहेक चौविस घण्टाभित्र अनुसन्धान अधिकृतले मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

१३. थुनामा राख्न सकिने : यस ऐन अन्तर्गत पक्राउ परेको व्यक्तिलाई अनुसन्धानको सिलसिलामा मुद्दा हेर्ने अधिकारीको स्वीकृती लिई एक पटकमा पन्ध्र दिनमा नवढाई बढीमा पैंतालिस दिन सम्म थुनामा राख्न सकिनेछ ।

+१३क. अन्य विभागलाई लेखी पठाउन सक्ने : (१) राजस्व चुहावटको सम्बन्धमा अनुसन्धान अधिकृतले अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम निर्धारण गर्नुपर्ने आयकर, मूल्य अभिबद्धि कर, अन्तशुल्क, भन्सार महसुल वा गैरकर निर्धारण गर्दा लापरवाही वा हेलचेक्रयाई वा अन्य कुनै

---

+ आर्थिक ऐन, २०६६ द्वारा थप ।

कारणबाट त्रुटी हुन गएको पाएमा अनुसन्धान अधिकृतले सो कुरा उल्लेख गरी विभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन पेश हुन आएपछि विभागले त्यस्तो कर, अन्तशुल्क, भन्सार महसुल वा गैरकरको निर्धारणमा भएको त्रुटी सच्याउन सम्बन्धित निकायलाई लेखि पठाउनेछ ।

(३) उपदफा (२) बमोजिम त्रुटी सच्याउनको लागि लेखी आएमा सो वमोजिम त्रुटी सच्याउने कर्तव्य सम्बन्धित निकायको हुनेछ ।

+१३ख. कम्प्युटरबाट प्रशोधित अभिलेख प्रमाणको रुपमा लिन सक्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनको प्रयोजनको लागि अन्यथा प्रमाणित भएकोमा बाहेक विद्युतीय माध्यमबाट प्रशोधित वा विकास गरिएमा विभागले तोकेका अभिलेखलाई प्रमाणको रुपमा लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको विवरण तथा तथ्यांक प्राप्त गर्ने, विश्लेषण गर्ने वा प्रशोधन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद–४**

× ..... ....

**परिच्छेद–५**

**मुद्दा सम्बन्धी कारबाही र कसुर सम्बन्धी व्यवस्था**

१८. मुद्दा दायर गर्ने : (१) राजस्व चुहावटको कसुर सम्बन्धी मुद्दा अुनसन्धान अधिकृतले विभागको स्वीकृती लिई नेपाल सरकारको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष दायर गर्नेछ ।

(२)✂...... ......... .........

१९. नेपाल सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२०. हदम्याद : (१) यस ऐन बमोजिमको कसुरको अुनसन्धान तथा तहकिकात समाप्त भई मुद्दा दायर गर्न सरकारी वकीलको राय माग भएकोमा सम्वन्धित सरकारी वकीलले पन्ध्र दिन भित्र सो सम्बन्धमा राय उपलब्ध गराउनु पर्नेछ ।

---

+ आर्थिक ऐन, २०६८ द्वारा थप ।

× भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा परिच्छेद खारेज ।

✂ भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा झिकिएको ।

(२) उपदफा (१) बमोजिम सरकारी वकीलले राय उपलब्ध गराएको मितिले वीस दिन भित्र मुद्दा दायर गर्नु पर्नेछ ।

यस ऐन बमोजिमको कसूरमा मुद्दा दायर गर्ने हदम्याद अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पैतिस दिनसम्म हुनेछ ।

२१. पुनरावेदन : (१) यस ऐन बमोजिमको कसूरमा मुद्दा हेर्ने अधिकारी वा विभागबाट भएको निर्णयबाट मर्का पर्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतिस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(२)✂...... ......... .........

२२. मुद्दाको कार्यविधि : यस ऐन बमोजिमको कसुरमा मुद्दा हेर्ने अधिकारीबाट मुद्दाको कारबाही गर्दा χविशेष अदालत ऐन, २०५९ को कार्यविधि अपनाउनु पर्नेछ ।

♣२३ दण्ड सजाय : (१) राजस्व चुहावतको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछ :-

(क) मालवस्तु कब्जामा लिईएकोमा त्यस्तो मालबस्तु जफग गरी विगोका दोब्बर सम्म जरिवाना वा कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद वा दुवै सजाय,

(ख) मालवस्तु कब्जामा नभई कारोवारको अभिलेख मात्रको आधारमा अपराध प्रमाणित भएमा सो कारोवार प्रचलित कानून बमोजिम बुझाउनु पर्ने राजस्व रकम र विगोको दोब्बरसम्म जरिवाना वा कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद वा दुवै सजाय ।

(२) राजस्व चुहावटको कसुरमा मतियारलाई मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम बुझाउनु पर्ने राजस्व रकममा राजस्व सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिमको व्याज समेत लाग्नेछ ।"

२४. बाधा विरोध गर्नेलाई सजाय : (१) यस ऐन अन्तर्गत अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा कसैले बाधा विरोध गरमो विभगाले निजलाई दशहजार रुपैंयासम्म जरिवाना गर्न सक्नेछ ।

२५. ✂.... ..... ....

---

χ विशेष अदालत ऐन, २०५९ द्वारा रुपान्तरित

♣ आर्थिक ऐन, २०६६ द्वारा संशोधित ।

✂ भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा झिकिएको ।

## परिच्छेद-६

## विविध

♣२६. विशेषज्ञ वा कर्मचारीलाई काममा लगाउन सकिने : यस ऐन अन्तर्गतको अनुसन्धान तथा तहकिकात सम्बन्धी कामकारबाहीको सम्बन्धमा विभागले विशेषज्ञको राय लिन वा कुनै विशेषज्ञ वा अन्य कर्मचारीलाई काजमा लिई वा करारमा राखी काममा लगाउन सक्नेछ।

२७. सहयोग गर्नुपर्ने : यस ऐन अन्तर्गतको कसूरको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्दा विभाग वा अनुसन्धान अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२८. विभागको काम कारबाही गोप्य रहने : (१) यस ऐन अन्तर्गतको कसुरको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्दा विभागले संकलन गरेको सूचना, प्रमाण, कागजात तथा सम्पूर्ण काम कारबाही गोप्य रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दा मामिला वा अन्य कानूनी कारबाहीको सिलसिलामा अदालत वा कानूनद्वारा अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो अनुसन्धान तथा तहकिकात गर्दा विभागले संकलन गरेको सूचना, प्रमाण, कागजात तथा सम्पूर्ण काम कारबाहीहरुको निरिक्षण गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

♣२९. पुरस्कार दिइने : (१) यस ऐन अन्तगर्तको कसुर गरेको सुचना दिने सुराकीलाई यस ऐन अन्तर्गत दायर गरिएको मुद्दाको अन्तिम किनारा लागे पछि असुल भएको बिगो रकमको पन्ध्र प्रतिशत वा पन्ध्र लाख रुपैया मध्ये जुन घटी हुन्छ सो बराबरको रकम पुरस्कार स्वरुप दिइनेछ।

(२) यस ऐन बमोजिम विभागले गरेको अनुसन्धानबाट कसैले आफूले तिर्नु बुझाउनु पर्ने राजस्वको सम्पूर्ण वा केही अंश छलेको एकिन भएमा असुल हुन आएको बिगो रकमको पाँच प्रतिशत वा पाँच लाख रुपैया मध्ये जुन घटी हुन्छ सो बराबरको रकम अनुसन्धानमा संलग्न कर्मचारीलाई पुरस्कार स्वरुप दिइनेछ।

(३) पुरस्कार पाउने व्यक्ति एक भन्दा बढी भएमा पुरस्कारको रकम दामाशाहीले दिइनेछ। कसैले राजस्व चुहावट ✂... .... ... सम्बन्धि कसुर गरेको छ वा गर्न लागेको छ भन्नेकुराको सूचना दिने सुरकीलाई यस ऐन अन्तर्गत दायर गरिएको मुद्दाको अन्तिम किनारा भएपछि असुल

♣ आर्थिक ऐन, २०६६ द्वारा संशोधित।
♣ आर्थिक ऐन, २०६८ द्वारा संशोधित।
✂ भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा झिकिएको।

भएको विभागको २० प्रतिशतमा नबढ्ने गरी पुरस्कार दिइनेछ । एकभन्दा बढी व्यक्तिहरुको सुराकबाट मुद्दा दायर भएकोमा पुरस्कारको रकम सुराकीहरुलाई दामासाहीको हिसावले दिइनेछ ।

३०. सुराकी र त्यसको विवरण गोप्य राख्ने : यस ऐन बमोजिम कसैले राजस्व चुहावट ✂... ... ... को कसुर गरेकोछ वा गर्न लागेको छ भन्ने कुराको सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त भएको सूचनाको विवरण गोप्य राखिनेछ ।

+३०क. सुराकी खर्च दिइने : (१) राजस्व चुहावटको सुचना दिने व्यक्तिलाई सूचनाको सत्यताको आधारमा विभागद्वारा तोकिएको कार्यविधी बमोजिम तत्काल बढीमा दश हजार रुपैंया सम्म सुराकी खर्च दिइनेछ ।

(२) उपदफ (१) बमोजिम सुराकी खर्च दिइएको सुराकीको नाम, थर र वतन गोप्य राखिनेछ ।

३१. धनी पत्ता नलागेमा मालबस्तु सरकार लाग्ने : (१) यस ऐन बमोजिम सजाय हुने कसुरसित सम्बन्धित मालबस्तुको धनी पत्ता नलागेमा अनुसन्धान अधिकृतले कब्जा गरिएको मालवस्तुको कुनै हकदार भए हकदावि गर्न आउनु भनी सबैले देख्ने ठाँउमा पन्ध्र दिनको म्याद दिई सूचना टाँस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कब्जा गरिएको मालवस्तु उपर कसैको हकदावि परेमा महानिर्देशकले अनुसन्धान गरेकोमा अर्थ मन्त्रालय समक्ष र अन्य अनुसन्धान अकिकृतले अनुसन्धान गरेको भए महानिर्देशक समक्ष निर्णयको लागि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कब्जा गरिएको मालवस्तु उपर हक दावी नपरे वा हकदावि नपुग्ने ठहराई अर्थ मन्त्रालय वा महानिर्देशकबाट निर्णय भएमा त्यस्तो मालबस्तु नेपाल सरकारको हुनेछ ।

३२. मालबस्तु लिलाम गर्न सकिने : यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा कब्जा गरिएको कुनै मालबस्तु लामो समय सम्म कब्जामा राख्दा खिया लागि वा अरु कुनै परिबन्दबाट टुटफुट वा नोक्सान हुन सक्ने देखिएमा वा सडि गली जाने भएमा वा पुरानो भै मूल्य घट्न जाने भएमा वेवारिसे भएमा वा स्थान अभावको कारणबाट राख्न नसकिने भएमा वा संरक्षण प्रदान गर्न नसकिने अवस्थाको भएमा र चौपायालाई महनिर्देशकले अर्थ मन्त्रालयको स्वीकृती लिई त्यस्तो मालबस्तुको पञ्चकिर्ते मोल कायम गरी सो मोलमा मालधनीले नै सकार गर्न मञ्जुर गरेमा निजको कागज गराई निजलाई सो मालबस्तु जिम्मा लगाई दिनुपर्नेछ । मालधनीले सकार नगरेमा

---

+ आर्थिक ऐन, २०६८ द्वारा थप ।

तोकिए बमाजिमको प्रकृया पूरा गरी अनुसन्धान अधिकृतले त्यस्तो मालबस्तु लिलाम विक्री गर्न सक्नेछ । त्यसरी लिलाम विक्रीबाट आएको रकम पछि ठहरे बमोजिम गर्ने गरी धरौटी स्याहामा आम्दानी बाँधिनेछ । यस्तो लिलाम बढाबढ भएको मालवस्तु पछि मालधनिलाई फिर्ता दिने ठहरेमा सो मालवधनीले सो मालवस्तुको लिलाम विक्रीबाट आएको रकम मात्र फिर्ता पाउनेछ र त्यस्तो मालबस्तु पाउँ भन्ने निजको कुनै हक दावि लाग्ने छैन ।

+३२क. कालोसूचीमा राख्ने : (१) यस ऐन बमोजिम राजस्व असुलीको लागी अनुसन्धान कारबाही भई कसुरदार ठहरिएका व्यक्ति वा निकायलाई विभागले तोकिएको प्रक्रिया पूरा गरि कालोसूचीमा राख्न लेखि पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्वन्धित निकायले त्यस्तो व्यक्ति वा निकायलाई प्रचलित कानूनबमोजिम कालोसूचीमा राख्नुपर्नेछ ।

+३२ख. असुल उपर गर्ने : यस ऐन बमोजिम सरकारलाई बुझाउनुपर्ने राजस्व असुलीको लागि अनुसन्धान कारबाही भएका व्यक्ति तथा निकायलाई अनुसन्धान अधिकृतले तोकिएको प्रक्रिया पुरा गरी निजको चल अचल सम्पत्ति उपर दावि गर्न, दावि गरेको सम्पत्ति रोक्का राख्न, लिलाम विक्री गर्न तथा नेपाल बाहिर जान रोक लगाई असुल उपरका लागि दावि गर्न सक्नेछ ।

३३. बरामद भएको मालबस्तु जफत हुने : यो ऐन बमोजिम सजाय हुने कसूर गरेको ठहरिएमा कब्जा भएको सवै मालबस्तु, सवारीसाधन, चौपाया र अन्य बस्तु समेत जफत हुनेछ ।

३४. अनुसन्धान तथा तहकिकातमा संलग्न कर्मचारीलाई विभागीय हुने : यो ऐनको कार्यान्वयन गर्ने सिलसिलामा अनुसन्धान अधिकृत वा अनुसन्धान तथा तहकिकातमा संलग्न अन्य कर्मचारीले जानी जानी कुनै व्यक्तिलाई दु:ख दिने नियतले कुनै कार्य गरेको वा बदनियत साथ राजस्व चुहावटमा मद्दत गरको प्रमाणित भएमा त्यस्तो कर्मचारीलाई बिभागीय करबाही गरिनेछ र त्यसरी मर्का पर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम क्षतिपूर्ति दिइनेछ ।

३५. असल नियतले गरेको कामको वचाउ : महानिर्देशक, अनसन्धान अधिकृत वा अुनसन्धान तथा तहकिकातमा संलग्न अन्य कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारबाहीमा निज व्यक्तिगत रुपमा जवाफदेही हुने छैन ।

३६. अधिकार प्रत्यायोजन : यस ऐन बमोजिम विभाग वा महानिर्देशकलाई प्राप्त अधिकारहरु मध्ये कुनै वा सवै अधिकारहरु आवश्यकता अनुसार अनुसन्धान अधिकृत वा अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

---

+ आर्थिक ऐन, २०६८ द्वारा थप ।

+ आर्थिक ऐन, २०६८ द्वारा थप ।

३७. राजस्व प्रहरीको व्यवस्था : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले विभाग अन्तर्गत रहने गरी राजस्व प्रहरीको व्यवस्था गरी तोकिए बमोजिम सञ्चालन गर्न सक्नेछ ।

[+]३७क. अधिकतम बल प्रयोग गर्न सक्ने : (१) दफा ३७ मा उल्लेख भए बमोजिम राजस्व प्रहरीको छुट्टै व्यवस्था नभएसम्मका लागि नेपाल सरकारले विभाग अन्तर्गत रहने गरी आवश्यकता अनुसार सशस्त्र प्रहरी वलका अधिकृत एवम् जवानलाई आवश्यक संख्यामा संलग्न गरी राजस्व प्रहरीको रुपमा काम गर्न खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएका राजस्व प्रहरीले महानिर्देशकको प्रत्यक्ष मातहत र नियन्त्रणमा रही काम गर्नु पर्नेछ ।

(३) कसैले राजस्व चुहावट गरेको वा गर्न लागेको मनासिव माफिकको कारण भएमा महानिर्देशक वा सम्बन्धित अनुसन्धान अधिकृतको आदेशले उपदफा (१) बमोजिम खटिएका राजस्व प्रहरीले त्यस्तो व्यक्तिलाई रोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्न खोज्दा निजले हुलहुज्जत वा जोरजुलुम गरेमा त्यसरी खटिएको राजस्व प्रहरीले निजलाई त्यसो नगर्न सम्झाउनु बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्झाउँदा बुझाउदाँ पनि निजले हुलहुज्जत वा जोरजुलुम गरेमा खटिएको राजस्व प्रहरीले निजलाई पक्राउ गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम पक्राउ गर्न खोज्दा निजले जोरजुलुम गरेमा वा भाग्न उम्कन खोजेमा र तत्काल पक्राउ गर्न नसकिने अवस्था भएमा आफ्नो रक्षा र कर्तव्यको पालनाको निम्ति महानिर्देशक वा सम्वन्धित अनुसन्धान अधिकृतको आदेशले घटनास्थलमा खटिएका राजस्व प्रहरीले त्यस्तो घटना रोक्न पहिले हवाई फायर गर्न र त्यसो गर्दा पनि स्थिति नियन्त्रण नभए वा हुलहुज्जत गर्ने व्यक्तिसंग समेत हतियार भएमा कम क्षति हुनेगरी गोली समेत चलाउन सक्नेछ ।

(७) कुनै ढुवानी वा सवारी साधनबाट राजस्व छलिएको मालवस्तु ढुवानी गर्दै गरेको मनासिव माफिकको शंका भएमा खटिएका राजस्व प्रहरीले त्यस्तो सवारी साधन समेत रोक्न वा रोक्न लगाउन आदेश दिन सक्नेछ । त्यस्तो आदेश नमानी हुलहुज्जत वा जोरजुलुम गरी त्यस्तो सवारी साधन नजँचाई भगाउने प्रयत्न गरेमा वा भगाएमा महानिर्देशक वा सम्बन्धित अनुसन्धान अधिकृतको आदेश लिई खटिएका राजस्व प्रहरीले त्यस्तो सवारी साधनको पाङ्ग्रामा कम क्षति हुने गरी गोली चलाउन सक्नेछ ।

---

[+] आर्थिक ऐन, २०६६ द्वारा थप ।

(८) उपदफा (६) र (७) बमोजिम गोली चलाउनु परेको अवस्थामा सो कुराको जानकारी छिटो साधनद्वारा अनुसन्धान अधिकृतले आदेश दिएकोमा महानिर्देशक र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई र महानिर्देशकले आदेश दिएकोमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई र अर्थ मन्त्रालयको सचिवलाई दिनुपर्नेछ ।

३८. नेपाल सरकारले निर्देशन दिन सक्ने : राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्ने कारबाहीलाई प्रभावकारी वनाउन नेपाल सरकारले विभागलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

३९. प्रतिवेदन पेश गर्नुपर्ने : महानिर्देशकले प्रत्येक वर्ष श्रावण १ गते देखि पौष मसान्तसम्म र माघ १ गते देखि आषाढ मसान्तसम्म आफूले गरे गराएको अुनसन्धान तथा तहकिकात सम्बन्धी कार्यको प्रतिवेदन अर्थ मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

४०. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४१. बाझिएमा गर्ने : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुमा लेखिएको जतिमा सोही बमोजिम र अरुमा प्रचलित कानूनबमोजिम हुनेछ ।

४२. अघि भैसकेको काम कारबाही यसै ऐन अन्तर्गत भएको मानिने : यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानूनबमोजिम विभागबाट अनुसन्धान तथा तहकिकात भै दायर हुन बाँकी रहेका मुद्दाहरु समेत यसै ऐन बमोजिम अुनसन्धान तथा तहकिकात भएको मानि उक्त मुद्दाहरु समेत यसै ऐन अन्तर्गत दायर गरिनेछन् ।